NEW

**दाबीको लागी चाहिने आवश्यक कागजातहरु :**

१.संस्थाको तर्फबाट **बिमालेख नं** सहित मृत्युको मिति, स्थान तथा कारण सहितको दावी भुक्तानीको पाँउ भन्नेबारे पत्र ।

२. बीमित र ईच्छ्राईएको व्यक्तिको नागरिकता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी

३ बीमित तथा ईच्छ्राईएको व्यक्ति बीचको नाता खुलेको नाता प्रमाण प्रत्रको प्रमाणित प्रतिलिपी

४.मृत्युदर्ता प्रमाण प्रत्रको प्रमाणित प्रतिलिपी

५. समूह मुचुल्का

६. तमसुकको प्रतिलिपी

७. दाबीकर्ताको बयान फारम

(ध्यान दिनुपर्ने कुराहरु)

क. बयान फारममा बिमालेख नं अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ । तपाइको केद्रिय कार्यलय वा शाखाबाट टपसिट बीमाको लागी हामीलाई पठाइन्छ । पठाइएको टपसिट फाइल बीमा जारी भइसकेपछी बीमालेख न. सहित सेड्युल वा पोलिसि भनि फिर्ता पठाइन्छ । त्यही फाइलबाट बिमा भएको नभएको थाहापाई बीमा नं लेख्नुपर्ने छ । बीमालेख जारी नभएको पाइएमा हाम्रो कम्पनीको माइको शााखामा सम्पर्क गरि बीमालेख जारी भएपछि सो उपलब्ध गराउनु पर्नेछ ।

ख. मृत्युको कारण लेख्दा प्रस्टसंग खुलाएर लेख्नुपर्ने छ । असमायिक वा कालगति भनेर नलेखिदिनुहोला ।

८. अस्पतालबाट जारी गरिएको मृत्य प्रमाणपत्र, चिकित्सकको बयान फारम, औषधी उपचारको कागजातहरु । (दुर्घटनाको कारण मृत्यु वा अशक्त भएमा)

नोट: औषधी उपचारको कागजातहरु आवश्यक भएमा माग गर्न सकिने भएकोले सदस्यलाई त्यस्ता कागजातहरु सुरक्षित राख्न सुचित गर्नुहोला ।

९. शब परिक्षण प्रतिवेदन (दुर्घटनाको कारण मृत्यु भएमा)

१०.पुलिस रिपोर्ट , घटना प्रकृती मुचुल्का (दुर्घटनाको कारण मृत्यु भएमा)

नोटरी पब्लिक उपलब्ध नभएको खण्डमा ‘सक्कल बमोजिम नक्कल ठिक छ’ लेखी सहि गरेर कार्यलयको छाप लगाउनु होला ।